नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा विभाग

सानोठिमी, भक्तपुर

प.सं.: ०८३।८४ (कोषुक्यश्रा(ख))

च.नं.: ६९

मितिः२०८३।०६।०२

विषयः विद्यार्थी सत्यापन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय,
सबै ।

सबै सामुदायिक विद्यालयहरूबाट विद्यालयमा भर्ना भई अध्ययनरत रहेका विद्यार्थीहरूको विवरण IEMIS मा अद्यावधिक गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ । IEMIS मा रहेको विद्यार्थी विवरणका आधारमा विद्यालयहरूले प्राप्त गर्ने दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, प्रति विद्यार्थी लागत अनुदान लगायतका विभिन्न शीर्षकमा अनुदान रकम स्थानीय तहमा माग गर्ने र सोही बमोजिम स्थानीय तहबाट अनुदान रकम विद्यालयमा पठाउने व्यवस्था हुँदै आएको छ ।

यस सम्बन्धमा IEMIS मा भएको विद्यार्थीको कक्षागत विवरण र विद्यालयको कक्षा कोठामा उपस्थित विद्यार्थी फरक रहेको कारण धेरै विद्यालयहरूमा आर्थिक अनियमितता भएको भनी विभिन्न सञ्चार माध्यम तथा अन्य माध्यमबाट गुनासा र उजुरीहरु प्राप्त भएका छन् । विद्यार्थी विवरण गलत राखिनु कानुनीरुपमा समेत दण्डनीय रहेको तथा यसका लागि प्रधानाध्यापक, IEMIS फोकल पर्सन र लेखासम्बन्धी काम गर्ने शिक्षक/कर्मचारी नै प्रमुख जिम्मेवार हुने हुँदा विद्यालयका वास्तविक विद्यार्थीको विवरण मिति २०८३ आश्विन मसान्त सम्ममा निम्नानुसार अद्यावधिक गर्नुहुन मिति २०८३।०६।०२ को निर्णयानुसार अनुरोध छ ।

(क) विद्यालयको कक्षा कोठामा उपस्थित विद्यार्थी र IEMIS मा भएको कक्षागत विद्यार्थी विवरण फरक रहेमा विद्यालयमा नियमित अध्ययनरत रहेका विद्यार्थीको मात्र विवरण कायम राखी अन्य विद्यार्थी IEMIS बाट not in school गरी हटाउने ।

(ख) विद्यालयको कक्षा कोठामा नियमित उपस्थित रहेका विद्यार्थीको अभिलेख IEMIS मा नरहेको भएमा उक्त विद्यार्थीको अभिलेख IEMIS मा अद्यावधिक गर्ने ।

भक्तबहादुर गोदार
(निर्देशक)

**बोधार्थः**

श्री स्थानीय तह सबै – कार्यक्रम कार्यान्वयन कार्यविधि तथा यस विभागको मिति २०८३।०४।२० को पत्रानुसार विद्यार्थी विवरण सत्यापन गरेर मात्र अनुदान निकासा गर्ने व्यवस्था हुन ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ सबै – स्थानीय तहसँगको समन्वयमा अनुगमन गरी तथ्याङ्क सत्यापनमा सहयोग गर्नुहुन ।

***नोटः विद्यालयको IEMIS मा अध्यावधिक भएका विद्यार्थी सङ्ख्या लगायतका विवरण सबैले हेर्न मिल्ने गरी emis.cehrd.gov.np मा Data portal मा राखिएकोछ ।***